# बगनासकाली राजपत्र

बगनासकाली गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

वर्ष–७,  संख्या ८,  मिति २०८०/०९/२९

## भाग २

## बगनासकाली गाउँपालिकाको

# साना फार्म प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि-२०८०

–स्वीकृत मिति : २०८०/०९/२२

**प्रस्तावना :**

व्यवसायिक कृषक तथा उद्यमीलाई उनीहरुले गरिरहेको व्यवसाय र सोको सम्भाव्यताको आधारमा अनुदान प्रवाह गरेमा पशुजन्य उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडि बढ्ने तथा संगठित बजारमा पशु तथा पशुजन्य पदार्थको उपलब्धता बढ्ने तथ्यलाई मध्यनजर गर्दै बगनासकाली गाउँपालिकाको आ.ब.२०८०/०८१ को नीति तथा कार्यक्रममा एक किसान एक उत्पादन भन्ने नीतिलाई साकार पार्न र बगनासकाली गाउँपालिकाको साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम व्यवस्थित सरल सहज प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्नयस बगनासकाली गाउँपालिकाले साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकार संचालन ऐन,२०४७ को दफा १०२ को उपदफा (२)बमोजिम यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भ :** (१)यस कार्यविधिको नाम “साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८०” सम्झनुपर्छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **“अनुदान”** भन्नाले पशुपंक्षी पालनको लागिपरिच्छेद-४ को दफा १२ को उपदफा-३ बमोजिमको मापदण्ड अन्तरगत रहेका दिईने अनुदान सम्झनुपर्छ ।

(ख) **“अनुदानग्राही/लाभग्राही”** भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त पशुपंक्षी पालन कृषक/निजी फार्म/कृषक समूह/सहकारी संस्था र व्यवसायलाई सम्झनुपर्छ ।

(ग) **“कार्यविधि”** भन्नाले “साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि,२०८०” सम्झनुपर्छ ।

(घ) **"साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम"** भन्नाले बगनासकाली गाउँपालिका चिर्तुङ्गधारा, पाल्पा मार्फत संचालन तथा व्यवस्थापन गर्ने गरी पशुपंक्षी फार्म प्रवर्द्धनको लागि दिइने अनुदान कार्यक्रम सम्झनुपर्छ।

(ङ) **"मापदण्ड"** भन्नाले परिच्छेद ४ को दफा १२ को उपदफा (३) बमोजिमको मापदण्ड सम्झनुपर्छ।

(च) **"समूह वा समिति"** भन्नाले यस गाउँपालिकामा कानून बमोजिम दर्ता/सूचिकृत भएका पशुपंक्षी पालक कृषक समूह समिति सम्झनुपर्छ।

(छ) **"लगानी रकम"** भन्नाले कार्यक्रमको सम्झौतामा उल्लेख भए अनुसारको साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रमको अनुदान र अनुदानग्राहीले व्यहोर्ने रकम समेत गरी कुल लगानी रकम सम्झनुपर्छ।

(ज) **"कार्यालय"** भन्नाले बगनासकाली गाउँपालिका चिर्तुङ्गधारा, पाल्पा सम्झनु पर्दछ।

(झ) सहकारी संस्था भन्नाले सहकारी संस्था ऐन, २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन वा दुग्ध उत्पादन/व्यवसाय सम्बन्धी कार्य गर्ने उद्बेश्यले स्थापित सहकारी संस्था सम्झनुपर्छ।

(ञ) साझेदारी/लागत साझेदारी/सहकार्य भन्नाले कार्यक्रम संचालनार्थ गरिने विपक्षीय सम्झौता पत्रमा उल्लेखित दोस्रो पक्षको वित्तिय दायित्वलाई जनाउँछ।

**३. कार्यक्रमको उद्देश्य :** यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमहरुको उद्देश्यहरु देहाय बमोजिम हुनेछ ।

(क) बगनासकाली गाउँपालिकाबाट संचालन हुने साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम कार्यान्वयन प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउने।

(ख) साना व्यवसायिक पशुपंक्षीको फार्म प्रवर्द्धन, उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा टेवा पुराउने।

(ग) अनुदान वितरण नीतिलाई प्रकृयामुखीबाट परिणाममुखीतर्फ लैजाने।

(घ) पशुपंक्षी विकास प्रणालीलाई आधुनिकीकरण, व्यवसायिकरण गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक वृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने

(ङ) सेवा प्रवाहको प्रकृयालाई सरल, निष्पक्ष र प्रणालीयुक्त बनाउने ।

(च) लाभग्राहीहरुको छनौट प्रक्रियालाई स्पष्ट र पारदर्शी बनाउने ।

## परिच्छेद -२

## कार्यक्रम व्यवस्थापन

**४. लक्षित वर्ग र क्षेत्र :** (१) यस गाउँपालिकाले कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना र आवश्यकताको आधारमा कार्यक्रममा समेटिने कृषक, समूह, समिति, सहकारी, फार्म, निजी उद्यमी र साना व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम संचालन गरिने छ ।

२. यस गाउँपालिकाले कार्यक्रममै स्थान तोकिएको अवस्थामा सोहि बमोजिम र स्थान नतोकिएको अवस्थामा कार्यक्रमको प्रकृति, स्थान, आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा आफ्नो कार्यक्षेत्र भित्रको उपयुक्त कृषक, फार्म, समूह, समिति वा सहकारी संस्था पहिचान गरी कार्यक्रम संचालन गरिनेछ ।

३. यस गाउँपालिकाले कार्यक्रम संचालनको लागि प्रकाशन गर्ने प्रस्ताव आह्वानको सूचनामा कार्यक्रमको लक्षित वर्ग र क्षेत्र उल्लेख गरिनेछ ।

**५.अनुदान उपलब्ध गराउन सक्ने :** (१)बगनासकाली गाउँपालिकामा विनियोजित बजेटबाट यस कार्यविधिको परिच्छेद ५ मा उल्लेखित विभिन्न कार्यक्रमको उद्देश्य, प्रमुख क्रियाकलाप, न्यूनतम मापदण्ड र अन्य प्राविधिक पक्ष समेटिएका तथा स्थान विशेषको आवश्यकता बमोजिमका साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम संचालन गर्दा यस गाउँपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ । कार्यक्रमको प्रकृति अनुसार यसरी प्रदान गरिने अनुदान नगद वा वस्तुगत वा दुवै प्रकृतिको हुन सक्नेछ ।

२. यस गाउँपालिकाले स्थानीय कानूनको पालना गरी कार्यक्रम संचालन एवम् विनियोजित बजेटको खर्च गर्ने छ ।

**६. अनुदान रकमको सिमा र प्रतिशत :** (१) यस गाउँपालिकाले साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम अन्तर्गत संचालन गरिने कार्यक्रमको अनुदान रकमको सिमा देहाय बमोजिम हुनेछ :

(क) यस गाउँपालिकाबाट साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम अन्तर्गत गोठ/खोर निर्माण तथा मर्मत सुधार, पशुपंक्षी प्रजनन् तथा नश्ल सुधार, आहारा व्यवस्थापन, यान्त्रीकरण,विभिन्न पशुपंक्षीजन्य सामाग्री, जैविक सुरक्षा, पशुपंक्षी स्वास्थ्य व्यवस्थापनको हकमा अधिक्तम ५०% अनुदान उपलब्ध गराईनेछ ।

**७. समन्वय तथा अनुगमन समिति :** (१) बगनासकाली गाउँपालिकाको साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम कार्यान्वयनमा सहजिकरण, समन्वय र अनुगमन गर्न सक्नेछ ।

(२) समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रमको लागि यस गाउँपालिका भित्रका कृषक, समूह, फार्म, सहकारीसँग आवश्यक समन्वय गर्ने ।

(ख) साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रमको अनुगमन गर्ने ।

(ग) कार्यक्रम संचालनमा आइपरेका समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने ।

**८. कार्यक्रम कार्यान्वयन समिति :** (१) बगनासकाली गाउँपालिकाले साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम संचालन गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा पशुसेवा शाखा प्रमुखको संलग्न रहने गरी पाँच सदस्य सहितको एक कार्यक्रम कार्यान्वयन समिति गठन गर्नेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |

(घ) जिन्सी इकाई प्रमुख सदस्य

(ङ) पशु सेवा शाखा प्रमुख सदस्य सचिव

(च) समितिको बैठकमा आवश्यकता अनुसार ३ जना आमन्त्रण गर्न सकिनेछ ।

(२) कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) साना व्यवसायिक पशुपंक्षी फार्म प्रर्वद्धन कार्यक्रम कार्यान्वयन गरिने कृषक, समूह, सहकारी, फार्म र अनुदानग्राही आधारहरु निर्धारण गर्ने ।

(ख) अनुदानग्राहीबाट प्राप्त आवेदनहरुको मूल्याङकन गरी उपयुक्त आवेदकको छनौट गर्ने ।

(ग) कार्यक्रममा छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गरी सम्झौता गर्ने ।

(घ) सम्झौता अनुसार सम्पादित कार्यको अनुगमन गरी कार्य प्रगति सम्झौता अनुसार रहेमा अनुदान रकम भुक्तानीको लागि सिफारिस गर्ने र सम्झौता अनुसार कार्य भएको नपाईएमा वा अनुदाको दुरुपयोग भएको अवस्थामा अनुदान रोक्का वा सिफारिस गर्न रोक्का गर्ने ।

(ङ) सञ्चालित कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन र समिक्षा गर्ने ।

(च) यस कार्यविधि अनुरुप प्राप्त आवेदकहरुको मूल्याङ्कन स्थलगत निरिक्षण अनुगमन सम्पादित कार्यको प्रमाणीकरण भुक्तानी सिफारिस अन्य कार्यको लागि समितिले आवश्यक अनुसार कार्य समूह गठन गरी जिम्मेवारी प्रदान गर्न सक्ने छ ।

## परिच्छेद -३

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

**९. कार्यक्रम संचालन प्रक्रिया :** (१) यस गाउँपालिकामा साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम अन्तरगत अनुदान प्रदन गरिने कार्यक्रम संचालनको लागि यस गाउँपालिकाको वार्षिक विनियोजन बजेट अनुसार कार्यक्रम संचालन गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा १५/७/५ दिने सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गरिनेछ ।

(२) यस कार्यविधि परिच्छेद-५ मा उल्लेखित विभिन्न कार्यक्रमसंग सम्बन्धित मापदण्ड आधारभूत शर्त पूरा गर्ने ईच्छुक आवेदकहरुले कार्यक्रम सहभागिताको लागि आवेदन पेश गर्न सक्नेछ ।

(३) कार्यक्रममा सहभागी हुन चाहाने आवेदकहरुले अनुसूची-२ बमोजिमको संक्षिप्त कार्ययोजना अनुसूची-३ बमोजिमको निवेदन र अनुसूची-४ बमोजिमका आवश्यक कागजातहरु संलग्न राखि निर्धारित समयभित्र यस गाउँपालिकामा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

(४) कार्यक्रम कार्यान्वयन समितिले प्राप्त प्रस्तावहरु अनुसूची-५ बमोजिम मूल्याङ्कन र प्रमाणिकरण गरी स्वीकृत गर्नेछ ।

(५) यस गाउँपालिकाले प्रस्ताव छनौट पूर्व स्थलगत अनुगमन गर्नेछ ।

(६) स्वीकृत प्रस्तावका आवेदकहरुसँग गाउँपालिकाले अनुसूची-६ बमोजिमको विपक्षिय सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।

**१०. रकम भुक्तानी :** (१) दफा ८ बमोजिम छनौट भई विपक्षीय सम्झौता गरिएका अनुदानग्राहीहरुले संचालन गर्नु पर्ने क्रियाकलाप पालन गर्नु पर्ने शर्तहरु अनुदन रकम र भुक्तानी विधि उल्लेखित द्बिपक्षीय सम्झौता अनुसार अनुदानग्राहीले कार्य सम्पन्न गरे पश्चात कार्यालयले प्रचलित कानून बमोजिम भुक्तानी गर्नेछ ।

(२) नगद दिईने अनुदानको हकमा अनिवार्य रुपले अनुदानग्राहीको बैँक खातामा जम्मा हुने गरि अनुदान रकम भुक्तानी गरिनेछ ।

(३) कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवारी प्राविधिकले स्थलगत निरिक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान रकम भक्तानी गरिनेछ ।

(४) कार्यक्रमको प्रकृति अनुसार अनुदान बाहेकका कार्यक्रमको हकमा प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ ।

**११. अनुगमन र मूल्याङ्कन :** (१) कार्यक्रम अनुगमन यस बगनासकाली गाउँपालिका तथा आवश्यक अनुसार यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यन्वयन समितिले

अनुगमन मूल्याङ्कन गर्न सक्नेछ ।

(२) अनुगमनको क्रममा दिईएका मोखिक वा लिखित निर्देशनहरुको पालना गर्नु सम्बन्धित अनुदानग्राहीको कर्तव्य हुनेछ ।

## परिच्छेद -४

## कार्यक्रम र प्राविधिक पक्ष

**१२. साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम :** (१) बगनासकाली गाउँपालिका भित्र दुध, मासु, अण्डा उत्पादन बृदि्ब गरी आत्मनिर्भरता आयत प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने लक्ष्य अनुसार हासिल गर्न सघाउ पुराउने उद्देश्यले पशुपालनको सम्भावना बोकेको यस गाउँपालिका भित्रका साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन गरी दुध, मासु, अण्डा उत्पादन वृद्धि गर्ने देहाय बमोजिमका कार्यक्रम संचालन हुनेछ ।

(क) गाई/गोरु/भैसी प्रवर्द्धन कार्यक्रम ।

(ख) बाख्रा प्रवर्द्धन कार्यक्रम ।

(ग) बंगुर प्रवर्द्धन कार्यक्रम ।

(घ) कुखुरा प्रवर्द्धन कार्यक्रम ।

(२) यस गाउँपालिकाले यस कार्यविधिको दफा(४) बमोजिम साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम अन्तर्गत परिच्छेद ५ दफा (२१) को उपदफा (१) बमोजिमका कार्यक्रम संचालन गर्नका लागि लक्षित बर्ग र क्षेत्रको पहिचान गरी दफा (९)बमोजिमको कार्यक्रम कार्यान्वयन समितिबाट स्वीकृत गराईनेछ ।

(३) दफा (२१) को उपदफा (१) मा उल्लेखित साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम प्रतिशत) |
|---|---|---|---|---|
| १ | गाई/गोरु/भैसी प्रवर्द्धन कार्यक्रम | कृषकले दुई गोटा दुहुना भैसी/गाई/गाई भैसी/गोरु पालन गरि दुध उत्पादन व्यवसाय गरेको हुनु पर्ने | छनौट भएका कृषक/फार्म/समूह/ सहकारीले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नु पर्नेछ :<br>१.गोठ नयाँ निर्माण वा मर्मत सुधार,<br>२.मलमुत्र व्यवस्थापन खाल्डो निर्माण,<br>३.पानीको लागि हिल ट्याङक वा पाईप खरिद,<br>४. गाई/गोरु/ भैसी, पाडापाडी, राँगो खरिद,<br>५. विद्युतिय च्यापकटर खरिद,<br>६. जैविक सुरक्षा,<br>७. पोषण युक्त घाँसको बिउविरुवा सहित आहारा खरिद,<br>८. यस कार्यालयले आवश्यक र उपयुक्त ठानेका क्रियाकलापहरु, | ५०% |
| १.१ | बाख्राप्रवर्द्धन कार्यक्रम | कृषकले व्यवसायिक रुपमा १०वटाभन्दा बढी माउ बाख्रा गरेको हुनपर्ने | छनौट भएका कृषकले/फार्म/समूह/ सहकारीले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने<br>१.खोर निर्माण /सुधार<br>२.मेशिनरी औजार खरिद,<br>३.पोषण युक्त घाँसको बिउविरुवा सहित आहारा खरिद,<br>४.नश्ल सुधारको लागि बाख्रा बोका खरिद<br>५.जैविक सुरक्षा<br>६.यस कार्यालयले आवश्यक र उपयुक्त ठानेका क्रियाकलापहरु, | ५०% |
| १.२ | बंगुर प्रवर्द्धन कार्यक्रम | कृषकले कम्तिमा २ गोटा भन्दा माथि माउँ बंगुर पालन गरेको वा मासुको लागि ५ गोटा भन्दा माथि ६ महिना सम्माका पाठापाठी पालन गरेको हुनु पर्ने । | छनौट भएका कृषकल/समूह/फार्म/ सहकारुले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने<br>१.खोर निर्माण/सुधार<br>२.दाना तथा दाना खुवाउने सामाग्री खरिद<br>३. मल मुत्र व्यवस्थापन तथा जैविक सुरक्षाका विभिन्न क्रियाकलाप,<br>५. बंगुरको पाठापाठी खरिद,<br>६. यस कार्यालयले आवश्यक र उपयुक्त ठानेका क्रियाकलापहरु, | ५०% |
| १.३ | कुखुरा प्रवर्द्धन कार्यक्रम | कृषकले व्यवसायिक रुपमा लोकल/कोईलर कुखुरा पालनको लागि कम्तिमा ५० कुखुरा पालेको हुनुपर्ने र ब्रोईलर कुखुराको हकमा एक लटमा २०० भन्दा माथि पालन गरेको हुनु पर्ने । | छनौट भएका फार्म/उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>१.खोर निर्माण/मर्मत सुधार<br>२.मेशिनरी औजार तथा सामाग्री खरिद<br>३.औषधी तथा खोप व्यवस्थापन ।<br>४.जैविक सुरक्षा ।<br>५. चल्ला खरिद ।<br>६. यस कार्यालयले आवश्यक र उपयुक्त ठानेका क्रियाकलापहरु, | ५०% |

**१३. सरोकारवाला निकायहरुको भूमिका :** साना व्यवसायिक पशुपंक्षी फार्म प्रर्वद्धन कार्यक्रम संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ ।

**(क) कार्यालयको भूमिका :**

- कृषक/कृषक समूह/सहकारी/फार्म मार्फत एकल वा संयुक्त रुपमा पशु सेवा शाखा र वडा कार्यालयबाट कार्यक्रम संचालन हुनेछ ।
- कार्यालयले प्रविधि विस्तार तथा सेवा र कार्यक्रम संचालन गर्नेछ ।
- स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले संचालन गर्ने पशुपंक्षी सम्बन्धी कार्यक्रमहरुमा दोहोरोपन हटाउन आपसी सहयोग समन्वय र सहकार्य गर्नेछ ।
- स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आव्हान गरी मापदण्डको आधारमा प्रस्तावको मुल्याङ्कन गरी छनौट गर्नेछ ।
- यस कार्यविधि अनुसार कार्यक्रमहरुको संचालन यस गाउँपालिका कार्यालयबाट हुनेछ ।
- कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन पश्चात कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने ।
- सम्झौता बमोजिम कार्यक्रम संचालन भए नभएको अनुगमन गर्ने गराउने ।
- प्रचलित कानून बमोजिम खर्च गर्ने गराउने ।
- प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने अन्य विषयपालन गर्ने गराउने ।

**(ख) अनुदानग्राहीको भूमिका :**

- अनुदानग्राहीले कार्यायोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहितको निवेदन समयसीमा भित्र पेश गर्नुपर्ने ।
- जुन कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रान मात्र अनुदान प्रयोग गर्नुपर्ने ।

- सम्झौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्ने ।

- अनुदानग्राहिका अन्य अधिकार कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

- तोकिएको समयमा कार्य सम्पन्न नभएमा, लागत बृद्धि भएमा वा कुनै हानी नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ ।

## परिच्छेद-५

## विविध

**१४. असुल उपर हुने :** कार्यविधि बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको पाईएमा वा अनुदान रकमको दुरुपयोग भएको प्रमाणित भएमा यस गाउँपालिकाबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**१५. दोहोरो सुविधा लिन नपाउने :** अनुदान ग्राहीले एउटै कामको लागि संघ प्रदेश र गाउँपालिका वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन ।

**१६. गुनासो व्यवस्थापन :** अनुदान सम्बन्धी कुनै गुनासो भएमा यस गाउँपालिकामा निवेदन दिन सकिनेछ । यस्तो प्रकारको गुनासोको व्यवस्थापन बगनासकाली गाउँपालिकाको समन्वयमा समाधान गरिनेछ ।

**१७. व्याख्या संशोधन र बाधा अड्काउ फुकाउ :** (१) यस कार्यविधिको व्याख्या बगनासकाली गाउँपालिकाले गर्न सक्नेछ ।

(२) साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रमको कार्यान्वयनमा बाधा अड्काउ परेमा यस कार्यविधिको उद्देश्य विपरित नहुने गरी यस गाउँपालिकाले बाधा अड्काउ फुकाउन र कार्यविधि संशोधन गर्न सक्नेछ ।

# अनुसूची -१

## (परिच्छेद -३ को दफा ९ को उपदफा (१) संग सम्बन्धित)

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मिति .............**

यस बगनासकाली गाउँपालिकाको आ.व. २०८०/०८मा पशु सेवा शाखाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम संचालनको सम्बन्धी कार्यविधि,२०८० बमोजिम देहाय कार्यक्रमहरु संचालन गर्न ईच्छुक कृषक/फार्म/समूह/सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.स | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियापलापहरु | अनुदान सिमा | कार्यक्रम संचालन हुने क्षेत्र | आवेदकको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**संलग्न गर्नु पर्ने कागजातहरु :**

**(क) व्यक्तिगत तर्फ :**

१. निवेदन (अनुसूची-३ बोमोजिम)

२. नागरिकताको प्रतिलिपि

३. संक्षीप्त कार्ययोजना (अनुसूची-२ बमोजिम)

४. सम्बन्धित जग्गाको लालपुर्जाको प्रतिलिपि

५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

६. निर्माण कार्यको हकमा लागत ईस्टिमेट र मेशिन सामाग्रीहरुको हकमा स्पेशिफिकेशनको प्रतिलिपि

## (ख) फार्म/समूह/सहकारी तर्फ :

१. निवेदन (अनुसूची-३ बमोजिम)

२. संक्षिप्त कार्ययोजना (अनुसूची- २ बमोजिम )

३. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि (समूह /सहकारी)

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

५. प्रस्ताव पेश गर्ने समूह/सहकारीको अध्यक्षको नागरिकताको प्रतिलिपि

६. जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि

७. दर्ता नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि

..............................

**प्रमुख प्रशासकीय अधिकृत**

# अनुसूची -२
## (परिच्छेद-३ को दफा ९ को उपदफा (३)संग सम्बन्धितात)
## संक्षिप्त कार्ययोजना

**१. आवेदकको विवरण :**

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क नम्बर | |
| दर्ता गर्ने निकाय र मिति | |

**२. हाल संचालन फार्म समूह सहकारीको नाम :**

**३. संचालित क्रियाकलापहरु :**

| क्र.सं. | हाल संचालित क्रियाकलापहरु |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

**४. मुख्य उत्पादन र कारोवार विवरण :**

| क्र.सं. | व्यवसाय | पशुपंक्षी संख्या | | वार्षिक उत्पादन परिमाण | वार्षिक कारोवार |
|---|---|---|---|---|---|
| | | माउ/चल्ला | अन्य | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## ५. प्रस्तावित कार्यक्रम विवरण :

| प्रस्तावित गरिएको कार्यक्रमको नाम | | | | |
|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रम अनुसार संचालन गरिने क्रियाकलापहरु | | | | |
| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | ईकाइ | परिमाण | कुल लागत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## ६. लागत साझेदारी विवरण :

| क्र.स. | कार्यक्रमको नाम | आवेदकले व्यहोर्ने रकम | अनुदान रकम रु. | जम्मा कुल रकम रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. प्रस्तावित कार्यक्रमसंग सम्बन्धित कुनै पनि अनुदान यस गाउँपालिकाबाट प्राप्त गरेको भए खुलाउनुहोस् ।

१.

२.

३.

४.

८. प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धीहरु :

१.

२.

३.

४.

माथि उल्लेखित सम्पूर्ण विवरण सहि रुपमा पेश गरेको छु कहीं कतै झुठो ठहरिएमा कानून बमोजिम सहुला बझाउला ।

| प्रस्तावकको | सिफारिस गर्ने वडा पशु सेवा प्राविधिक |
| --- | --- |
| दस्तखत : | दस्तखत: |
| नाम : | नाम : |

ठेगाना :

समूह/सहकारीको नाम :

छाप :

# अनुसूची -३

## (परिच्छेद ३ को दफा ९ को उपदफा (३) संग सम्बन्धित)

## निवेदनको ढाँचा

मिति : ..........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

बगनासकाली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा

**विषय : प्रस्ताव पेश गरिएको बारे ।**

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाको मिति .....................गतेको सूचना अनुसार साना व्यवसायिक पशुपंक्षी प्रवर्द्धन कार्यक्रम अन्तर्गत ................................ कार्यक्रम संचालन गर्न ईच्छुक भई प्रस्तावित कार्य-योजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रम संचालनमा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

**निवेदकको**

**नाम :**

**दस्तखत :**

प्रस्ताव समूह सहकारीको नाम :

स्थाई ठेगाना :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम संचालन हुने स्थान :

संलग्न कागजातहरुको सूची :

| क्र.सं. | संलग्न कागजात विवरण |
| --- | --- |
| | |
| | |
| | |
| | |
| | |
| | |

## अनुसूची -४

## (परिच्छेद ३ को दफा ९ को उपदफा (३)संग सम्बन्धित)

## आवश्यक कागजातहरुको सूची

१. अनुसूची-३ बमोजिमको निवेदन

२. अनुसूची-२ बमोजिमको संक्षिप्त कार्ययोजना

३. निवेदकको नागरिकताको प्रतिलिपि

४. फार्म समूह सहकारीको सम्बन्धित निकार्यमा दर्ता/नविकरण भएको प्रमाण प्रतिलिपिहरु

५. निर्माण कार्यको हकमा लागत ईस्टिमेट र मेशिनरी सामाग्रीको हकमा स्पेशिफिकेसन प्रतिलिपि

६. समूह सहकारीको हकमा कार्यक्रम संचालन गर्ने सम्बन्धी निर्णय प्रतिलिपि

७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

८. सम्बन्धित जग्गाको लालपुर्जाको प्रतिलिपि

# अनुसूची -५

## (परिच्छेद ३ को दफा ९ को उपदफा(४) संग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कन फारम

| क्र.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १ | आवश्यक कागजातहरुको संलग्नता | १५ |
| २ | लक्षित वर्ग, क्षेत्र र मापदण्ड अनुरुप उपयुक्तता | २० |
| ३ | प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक, भौगोलिक, वातावरणीय उपयुक्तता | १५ |
| ४ | कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसंगको तालमेल | २० |
| ५ | मापदण्ड अनुसारको पशुपंक्षी संख्या | १५ |
| ६ | यस गाउँपालिकाबाट कुनै पनि भौतिक निर्माण वा सामाग्री लिएको भए/नभए | ५/१५ |
| | जम्मा | १००% |

# अनुसुची -६

## (परिच्छेद ३ को दफा ९ को उपदफा ६ संग सम्बन्धित )

## बिपक्षीय सम्झौता

मिति :.......................

सम्झौता क.सं.

बगनासकाली गाउँपालिकाको आ.व. .................. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार........................कार्यक्रम संचालन गर्न बगनासकाली गाउँ कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र श्री...................................(यस पछि दोस्रो पक्ष भनिने)का बिच तपसिल बमोजिमका शर्तहरु परिपालन गरी यो सम्झौता गरिदियौँ/लियौँ ।

**शर्तनामाहरु :**

१. दोस्रो पक्षले सम्झौता भएको लगत्तै काम सुरु गर्नु पर्नेछ । सम्झौता बमोजिम २०८०/.............गते सम्म कार्य सम्पन्न गरी भुक्तानीका लागि निवेदन पेश गर्नुपर्नेछ ।

२. प्रथम पक्षले ........................कार्यक्रम संचालन गर्न कार्यक्रमको लागि जम्मा रु................मध्ये पहिलो पक्षले रु. .................र दोस्रो पक्षले जम्मा रु . .....................लगानी गरि कार्यक्रम सम्पन्न गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना मुताविकका सम्पर्ण कार्यहरु प्राविधिक मापदण्डको अधिनमा रहि सम्पन्न गर्नुपर्नेछ ।

४. कार्यक्रम संचालनको लागि आवश्यक निर्माण सम्बन्धी ईस्टिमेट, बिल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन, निर्माण,खरिद,ढुवानी र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले नियमअनुसारको आवश्यक कागजातहरु (निवेदन, वडा कार्यालयको सिफारिस पत्र, बिल, भरपाई, कार्यक्रम शुरु देखि सम्पन्न सम्मको ४ वटा रङगीन फोटो, डोर हाजिर, प्राविधिक मुल्याङ्कन प्रतिवेदन) सहित भुक्तानीको लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोस्रो पक्ष बैकं खाता मार्फत कार्यक्रम सम्पन्न भए पश्चात एकमुष्ठ भुक्तानी गरिनेछ ।

६. प्रथम पक्षले कुनै पनि समयमा संचालित कार्यक्रमको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ ।

७. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन मर्मत सम्भार व्यवस्थापन जोखिम र दिगोपनाका लागि गरिने सम्पुर्ण कार्यहरु तथा अप्रत्याशित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. पहिलो पक्षले कार्य प्रगतिको आधारमा भुक्तानी गर्नेछ । तोकिए अनुसारको परिमाण वा क्षेत्रफलमा काम नभएमा पुरै रकम भुक्तानी गर्न बाध्य हुने छैन ।

९. दोस्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगाएत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. दोस्रो पक्षले सम्झौता बमोजिम काम नगरेको पाइएमा प्रशस्त कमि कमजोरी भेटिएमा पहिलो पक्षले जुनसुकै समयमा पनि सम्झौता रद्द गरी कार्यालयले प्रदान गर्ने अनुदान रकम रोक्न सक्नेछ ।

११. कार्यक्रम संचालन र उपभोगको क्रममा कुनै विवाद उत्पन्न भएमा आपसी छलफल र परामर्शको आधारमा दुबै पक्षलाई मान्य हुने गरी समाधान प्रचलित कानून बमोजिम हुनेछ ।

| दोस्रो पक्ष | पहिलो पक्ष |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |

**रोहवर**

**दस्तखत :**

**नाम**

**ईति सम्वत २०८० साल . . . . . महिना . . . गते रोज . . . . शुभम् ।**

**आज्ञाले**

**बद्रिनाथ लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**